# नेपाल नगरपालिका संघ

# बजेट नीति तथा कार्यक्रम २०७७/७८

**नेपाल नगरपालिका संघको आ.ब. २०७७/७८ को नीति तथा कार्यक्रमहरु :**

विश्वव्यापी रुपमा फैलिएको कोभिड - १९ महामारीसँगै हरेक सरकारको आवस्यकता र प्राथमिकता समेत परिवर्तन भैरहेको छ। वर्तमान अवस्थामा यस नेपाल नगरपालिका संघका सदस्य नगरपालिकाहरु पहिलो पंक्तिमा रही कोभिड - १९, बाढी, पहिरो, डुवान तथा भु:क्षय र अन्य किसिमका विपद र प्रकोपहरुको नियन्त्रण तथा व्यवस्थापनमा तत्परताकासाथ लागीपर्नुले प्रकोप नियन्त्रण उन्मुख रहेको देखिन्छ। यस आर्थिक वर्षमा सदस्य नगरपालिकाहरुको वजेट नीति तथा कार्यक्रम हेर्दा कोभिड - १९ को जोखिम व्यवस्थापन, श्रमिक तथा मजदुरहरुलाई राहत तथा सहुलियत र वर्षाका कारण उत्पन्न हुन सक्ने विपद्जस्ता विषयहरुलाई प्राथमिकता दिईएको छ। स्वास्थ्य पुर्वाधार तथा संस्थाहरूको सबलीकरण, शिक्षा एवं शिक्षण संस्थाको पुर्नउत्थान, खानेपानी तथा सरसफाइमा सबैको पहुँच जस्ता सामाजिक पूर्वाधार, कृषि, सहकारी, पशु विकास, घरेलु तथा लघु उद्यम र सामान्य भौत्तिक पूर्वाधार विकासका क्रियाकलाप मार्फत रोजगारी सिर्जना जस्ता कार्यक्रम समाबेस गरिएको छ।

नेपालका सम्पूर्ण नगरपालिकाहरुको प्रतिनिधि मुलक संस्था यस नेपाल नगरपालिका संघले हरेक वर्ष जस्तै आफ्ना सदस्य नगरपालिकाहरुको वजेट नीति तथा कार्यक्रमहरुको बिश्लेषण गर्दै तथा संघको रणनैतिक योजना (२०७६-२०८१) ले निर्देश गरेका कार्यक्षेत्रहरुमा निहित रहि सदस्य नगरपालिकाहरुको सवलीकरण तथा सहजीकरणका लागी आर्थीक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र वजेट तर्जूमा गरेको छ।

यस वर्ष कोभिड - १९ को प्रकोपका कारण सिंजित आर्थीक संकुचनबाट संघ पनि प्रभावित भैरहेको छ। संघको एकमात्र आन्तरिक श्रोतकोरुपमा रहेको सदस्यता शुल्क समेत ज्यादै न्युन उठेको छ। विगतका वर्षहरुमा नेपाल सरकारबाट प्राप्तहुने अनुदान दुई वर्षदेखि रोकियको छ। राष्ट्रिय /अन्तराष्ट्रिय संघ संस्था तथा दातृ संस्थाहरुबाट प्राप्त सम्झौता बमोजिमका केही कार्यक्रमहरुवाट संघलाई संचालन गर्नुपरिरहेको वर्तमान अवस्थालाई मध्येनजर गर्दै यस वर्ष निम्नानुसारका नीतिमा आधारित रहि वजेट तथा कार्यक्रम निर्माण गरियको छ।

## नीतिगत वकालती तथा पैरवी

- अन्तर तह समन्नय र सहकार्य गर्दै संघीय तथा प्रादेशिक कानुनहरुमा नगरपालिकाहरुको हक अधिकारको सुनिस्चितता
- स्थानीय सरकारका सवालमा सरोकारवाला विच साझा धारणा

## सुचना, संजालीकरण र साझेदारी

- अन्तर पालिका समन्वय र सहकार्य
- श्रृजनशिल प्रयासहरुको प्रचार प्रसार तथा मिडिया परिचालन
- सहरी स्रोत केन्द्रको सवलिकरण गर्दै संघलाई तथ्याङ्क बैंकको रुपमा लैजाने

## प्राविधिक परामर्श तथा सहयोग

- कोभिड १९ तथा अन्य प्रकोप तथा विपद व्यवस्थापनमा सहजीकरण

- नगरपालिकाहरुले निर्धारण गरेका लक्ष्य प्राप्तीमा प्रविधिक सहयोग र नीति तथा कार्यक्रम संचालनमा सघाऊ
- सहरी शुसासन, वित्तय संघीयता एवं प्राविधिक विषय विज्ञहरुको सुंची निर्माण
- दिगो विकास लक्ष्य तथा अन्य विश्वव्यापी संम्लग्नताका विषयहरुको स्थानीयकरण
- सम्झौता बमोजिमका कार्यक्रम संचालन गर्ने

**क्षमता अभिवृद्धि**

- प्रादेशिक समिती तथा अध्ययन केन्द्रहरुको सवलीकरण
- उत्कृष्ठ कार्य गर्ने नरपालिकाहरुलाई पुरस्कृत तथा सम्मान
- प्रादेशिक नमुना नगरपालिकाको विकास
- संघको महिला विभाग, न्यायीक समिति तथा जनप्रतिनिधिहरुको सवलिकरण

**अन्तर सरकारी सम्बन्ध**

- संघको सरकारी संयन्त्रहरुमा प्रतिनिधित्वको सुनिस्चिता
- संघ प्रदेश र स्थानीय तह विच समन्वय र साझेदारीको प्रवर्द्धन

**अध्ययन, अनुसन्धान र विकास**

- संघलाई नगरपालिकाहरुको योजना बैंकका रुपमा विकास गर्ने
- शहरी विकास प्रशिक्षण प्रतिष्ठानको अवधारणामा जाने
- विशिष्टिकृत प्राज्ञिक सेवा प्रवाह गर्ने

**संस्थागत विकास**

- संघको व्यवसायीक वित्तिय कार्ययोजना बनाउने
- सदस्यता शुल्क संकलनमा हरेक तहबाट पहलगर्ने
- सरकारी अनुदान प्राप्तीमा पैरवी गर्ने
- संघको संस्थागत विकास तथा कर्मचारीहरुको क्षमता विकास

**संघको आर्थीक वर्ष २०७७/७८ को वजेट**

यस वर्ष संघले तय गरेका नीती तथा कार्यक्रममा आधारीत रही संघको वर्तमान मौज्दात, आन्तरीक श्रोत, दातृ संस्थाहरुवाट सम्झौता बमोजिमका कार्यक्रमहरुको लागी प्राप्तहुने आम्दानी, अनुमानित सरकारी अनुदान तथा केही दातृ संस्थाहरुबाट निकट समयमा प्रात्त हुन सक्ने किसिमका सम्भाबित आम्दानीहरुको आधारमा रही **रु ६,४८,५१,०६४।००** ( छ करोड अड्चालीस लाख एकाउन्न हजार चौसठ्ठी रुपैया ) बरावरको संतुलित बजेट निर्माण गरि प्रस्तुत गरेको छ। जसमा प्रशासनिक चालु खर्च तर्फ **रु १,७१,०४,७०४।००** (एक करोड एकहत्तर लाख चार हजार सात सय चार रुपौया) पुंजीगत खर्च तर्फ **रु ५५,७८,०००।००** (पंचपन्न लाख अठहत्तर हजार रुपैया) तथा कार्यक्रमहरु तर्फ **रु ४,२१,६८,३६०।००** (चार करोड एक्काईस लाख अठ्सठ्ठी हजार तीन सय साठी रुपैया) विनियोजन गरेको छ।

धन्यवाद !